प्रतिदिन
१६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१६ ।। अङ्क : ५२ ॥ २०८० चैत्र १५ गते बिहिबार (28th Mar 2024 Thursday) **Pratidin** National Daily मूल्य–रु.५/–

### एमाले झापाको एघारौं अधिवेशन
## गिरीलाई अध्यक्ष बनाउने ‘सहमति’




झापा(प्रस)। नेकपा एमाले जिल्ला कमिटी झापाको एघारौं जिल्ला अधिवेशन आजदेखि सुरु हुँदैछ । अधिवेशनको पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्माले बिर्तामोडमा उद्घाटन गर्दैछन् । यस्तै, बन्दसत्रमा राजनीति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।एमाले झापाको नेतृत्वका लागि दुई नेताहरु आकांक्षी देखिएका छन् । जिल्ला अध्यक्षका लागि हालका कार्यवाहक अध्यक्ष प्रेम गिरी र सचिव शिवकुमार ढुंगेलले आकांक्षा व्यक्त गरिरहेका छन् । ती दुईमध्ये गिरीलाई सहमतिबाट अध्यक्ष बनाउने योजना रहेको छ । पार्टीका केन्द्रीय अध्यक्ष केपी शर्मा ओलीले गिरीलाई अध्यक्ष बनाउनेगरी सहमति गर्न निर्देशन दिइसकेको केन्द्रीय सदस्य तथा निवर्तमान जिल्ला अध्यक्ष दीपक कार्कीले बताए । उनले जिल्ला अध्यक्षमा गिरी र सचिवमा तुलसी कार्कीलाई बनाउने सहमति भइसकेको बताउँदै अन्य पदमा पनि सहमति जुटाउने प्रयास भइरहेको जानकारी दिए ।‘ केन्द्रीय नेतृत्वले प्रेम गिरीलाई अध्यक्ष बनाउने सहमति गरेको हो ’उनले भने,‘अर्का आकांक्षीलाई पनि व्यवस्थापन गर्ने पहल भइरहेको छ ।’ निर्वाचनमा नगई सहमतिमै नेतृत्व चयन गर्ने आफूहरुको पहल रहेको अध्यक्षका आकांक्षी गिरीले बताए । उनले उद्घाटन सत्र र बन्दसत्रपछिको माहोल हेरेर सहमति वा निर्वाचन कुन प्रणालीबाट नेतृत्व चयन गर्न सकिन्छ भनेर निर्णय गरिने जानकारी दिए । झापाको नेतृत्व चयनका लागि पहिलो प्राथमिकतामा सहमति गर्ने नभए चुनावी प्रक्रियाबाट नेतृत्व चयन गर्ने तयारी रहेको एमाले झापाले जनाएको छ । गृहजिल्ला भएका कारण पनि अध्यक्ष ओलीले सर्वसम्मत गराउन प्रयत्न गर्ने केही थरी नेताको दाबी छ । अध्यक्षका उम्मेदवारहरुले आन्तरिक रुपमा लविङ गरेपनि ओलीको सुझाव पर्खिरहेको बुझिन्छ ।संविधानसभा सदस्य एवम् पार्टीको उपाध्यक्ष भइसकेकाले अध्यक्षमा स्वाभाविक रुपमा गिरीले आकांक्षा राख्न पाउनुपर्ने कतिपयको बुझाइ छ । यता, संसदीय मोर्चामा अहिलेसम्म अवसर नलिएको, पार्टी निर्माणमा वर्षौंदेखि निरन्तर योगदान गरिरहेका ढुंगेललाई नेतृत्व प्रदान गर्नुपर्ने तर्क पनि छ । गिरी र ढुंगेल दुवै जना अध्यक्षको उम्मेदवार बन्ने लगभग निश्चित भएपछि प्रतिनिधिहरु कसको समर्थनमा लाग्ने भन्ने अन्यौलमा छन् । सहमतिमा गिरीको संभावना बलियो देखिएको छ भने निर्वाचनमा गए ढुंगेलले निर्वाचन जित्न सक्ने आकलन गरिएको छ ।

यस्तै उपाध्यक्षमा बद्री भट्टराई, लक्ष्मण पाठक, सचिवमा तुलसी कार्की, असारु राजवंशी, टिकाराम मंग्राती, बोधप्रसाद घिमिरे, उपसचिवमा छविलाल विश्वकर्मा, छविलाल चुडाल, पवित्रा पाठक, लिला दाहालको चर्चा छ । पदाधिकारी र अन्य समितिमा गरी ३ सयभन्दा बढी आकांक्षी देखिएका छन् । करिव ८ सय प्रतिनिधि हुने जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयन हुने छ । जिल्ला अधिवेशनबाट १५० सदस्यीय कमिटी बन्ने बुझिएको छ ।

## शुभसाइत साकोसका उपाध्यक्षसहित तीनजना पक्राउ




भद्रपुर(प्रस)। बचतकर्ताको लाखौं रकम हिनामिना गरेको आरोपमा शुभसाइत बचत तथा ऋण सहकारी संस्था लिमिटेड भद्रपुरका उपाध्यक्षसहित तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा सहकारीका उपाध्यक्ष भद्रपुर-८ निवासी सञ्जोक गिरी, संस्थाकी सचिव हल्दिबारी-३ निवासी कञ्चन आचार्य र सदस्य भद्रपुर-७ निवासी दीपक खवास रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक ढुण्डीराज गिरीले जानकारी दिए ।
फरार रहेका उनीहरूलाई मंगलबार पक्राउ गरिएको हो । कोशी प्रदेश सहकारी रजिष्ट्रार कार्यालय इटहरीको पत्रअनुसार झापा जिल्ला अदालतको अनुमतिमा जिल्ला प्रहरी कार्यालय झापाले फागुन ३० गते सञ्चालक समितिविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । सोही दिनदेखि उनीहरू फरार थिए । संस्थाका अध्यक्ष भद्रपुर-६ निवासी राजु भन्ने मदन श्रेष्ठ अझै फरार रहेको प्रहरी निरीक्षक गिरीले बताए । पक्राउ परेका उनीहरूमाथि झापा जिल्ला अदालतबाट पाँच दिनको म्याद थपेर आवश्यक अनुसन्धान सुरु गरिएको उनले जानकारी दिए । सहकारीका पीडित शेयरधनी तथा बचतकर्ताहरूको संघर्ष समितिले फागुन १४ गते प्रदेश सहकारी रजिष्ट्रार कार्यालय इटहरीमा रकम हिनामिना गरेको भन्दै सञ्चालक समितिविरुद्ध उजुरी दिएको थियो । रजिष्ट्रार कार्यालयले सोही उजुरी बमोजिम अनुसन्धान र कारबाही प्रक्रिया अघि बढाउनु भन्दै प्रहरी कार्यालय झापालाई पत्राचार गरेको थियो। सोही पत्र अनुसार प्रहरीले शेयर सदस्यहरूले जम्मा गरेको शेयर पुँजी र बचत रकम हिनामिना एवं अपचलन गरेको मुद्दा दर्ता गराई कारबाही अघि बढाएको हो ।

२०७७ सालमा स्थापना भएको शुभसाइत साकोसमा हाल करिब दुई हजार सदस्य आबद्ध छन् । कूल ३० लाख शेयर पुँजी रहेको सहकारीले करिब २ करोड रुपैयाँ बचत फिर्ता गर्नुपर्ने जनाइएको छ । भद्रपुर-१० प्रधान कार्यालयको ठेगाना रहे पनि भद्रपुर-६ मा शुभसाइतले कार्यालय स्थापना गरी कारोबार गर्दै आइरहेको थियो। हाल सहकारीको कार्यालय बन्द छ ।

## झापाको ३ सय ४९ हेक्टर वनमा डढेलो

• **लक्ष्मी उप्रेती,**
मेचीनगर । सुख्खायाम शुरु भएसँगै देशका विभिन्न ठाउँमा आगलागीका घटना बढेका छन् । लामो समयको खडेरी र हावाहुरीलगायतका कारण आगलागीका घटना बढ्दै गएका हुन् । झापा जिल्लामा चालु आर्थिक २०८०-०८१ को आठ महिनामा ३ सय ४९ दशमलव ५ हेक्टर वनमा डढेलो लागेको छ । सामुदायिक वनमा लागेको डढेलोका कारण वर्षेनि वनक्षेत्रमा ठूलो क्षति हुने गरेको छ । वनमा आगलागी हुँदा साना बिरुवासंगै ठूला रुखलाई समेत असर पुग्ने गरेको छ ।
डिभिजन वन कार्यालय झापाका अनुसार जिल्लाका २७ वटा सामुदायिक वनमा यो अवधिमा आगलागी भएको छ । गर्मीसँगै हावाहुरी चल्ने हुँदा आगो उडाएर घर तथा वन क्षेत्रमा डढेलो लाग्ने गरेको कार्यालयका सूचना अधिकारी अञ्जना पुरीले जानकारी दिइन् ।
उनका अनुसार माघ, फागुन, चैत तथा बैशाख महिनामा गर्मीयाम शुरु भएसँगै जिल्लाको सयौं हेक्टर वन क्षेत्रमा आगलागी हुने गरेको छ ।
यसरी वनमा लागेको आगलागीका कारण आसपासका बस्तीसमेत जोखिममा पर्ने गरेका छन् । ‘डढेलोबाट साना बिरुवा,पातपतिङ्गर, चराचुरुङ्गी एवम् विभिन्न जडीबुटी पूर्णरूपमा नष्ट हुने गर्छ ’ सूचना अधिकारी पुरीले भनिन् ‘डढेलोबाट कतिपय जङ्गली जनावरको मृत्यु भएको छ भने कतिपयले बासस्थान परिवर्तन गर्नुपरेको छ । ’डढेलोका कारण साना बिरुवा जलेर नष्ट भए पनि ठूला रुखलाई सामान्य असर पार्ने गरेको वन अधिकारीहरु बताउँछन् । ‘ वनमा आगलागी हुँदा साना तथा ठूला सयौं रुखबिरुवा जलेर नष्ट हुन्छन् ’ वन अधिकारी भन्छन्,‘वनमा जाँदा सावधानी नअपनाएकै कारण वन क्षेत्र आगलागीको चपेटामा परिरहेका छन् । वनमा जथाभावी डढेलो लगाउँदा वन्यजन्तु, जनावर, जनावरको बासस्थान र कलिला बोट बिरुवालगायत जलेर नष्ट भएको डिभिजन वन कार्यालय झापाले जनाएको छ । डढेलोले वनमा



पारेको दीर्घकालीन असर, डढेलोपछिको माटोको गुणस्तर, क्षमता, बोटविरुवा, जंगली जनावर तथा चराचुरुङ्गीमा परेको असर आदिका बारेमा सवैलाई चेतना दिन सक्नुपर्ने वातावरणविद सुमन केसीको भनाई छ ।
सामुदायिक वनमा लागेको डढेलो (रुखको जरा, हाँगा र टुप्पोसम्म सखाप पार्ने गरी लाग्ने आगो) ले अकल्पनीय क्षति पुग्ने गरेको एकजना सामुदायिक वनका पदाधिकारी बताउँछन् ।
डढेलोले प्राकृतिक प्रणाली र माटोको गुणस्तरमा ह्रास ल्याउने हुँदा यहाँको वन्यजन्तु, वनस्पतिलगायत समग्र जैविक विविधता नै संकटमा पर्ने गर्छ । डिभिजन वन कार्यालय झापाका सूचना अधिकारी पुरीले आगलागी हुँदा साल,टिकलगायत प्रजातिका सयौं साना बिरुवा जलेर नष्ट हुने गरेको बताइन् । उनका अनुसार डढेलो लागेको ठाउँमा तत्कालै वृक्षरोपण गरिने र

❖ **बाँकी अन्तिम पृष्ठमा**

## हात्ती आक्रमणबाट श्रीमतीको मृत्यु, श्रीमान घाइते

झापा(प्रस)। जंगली हात्तीको आक्रमणबाट रतुवामाई बृक्षरोपण आयोजनामा श्रीमतीको मृत्यु भएको छ भने श्रीमान घाइते भएका छन् ।बुधवार साँझ ५.३० बजेको समयमा रतुवामाई बृक्षरोपण आयोजनामा दाउरा लिन गएका शिवसताक्षी ११ बस्ने ६० वर्षीया पवित्रा भेट्वालको हात्तीको आक्रमणबाट घटनास्थलमै मृत्यु भएको हो । त्यस्तै उनका श्रीमान् ६२ वर्षीय दिलिप भेट्वाल गंभीर घाइते भएका छन् । घाइतेलाई एम्बुलेन्स बोलाएर उपचारका लागि बिर्तामोडतर्फ पठाइएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए । दुईवटाको संख्यामा आएका हात्तीले भेट्वाल दम्पत्तीलाई आक्रमण गरेको जनाइएको छ । घटनाको सर्जीमिन मुचुल्का गरी मृतकको शवलाई पोस्टमार्टमको लागि दमक अस्पताल पठाइएको प्रहरी निरीक्षक बुढाथोकीले जानकारी दिए । योसंगै यस वर्ष हात्तीको आक्रमणबाट झापामा ६ जनाको मृत्यु भइसकेको छ ।

त्यस्तै ६ जना घाइते भएको डिभिजन वन कार्यालयकी सूचना अधिकारी अन्जना पुरीले जानकारी दिएकी छन् ।

## बिर्तामोडमा १ सय ११ जना कुष्ठरोगी

बिर्तामोड(प्रस)। बिर्तामोड नगरपालिकामा कुष्ठरोगीको संख्या १ सय ११ जना पुगेको छ । बुधबार बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको कुष्ठरोग खोजपड्ताल तथा रोग नियन्त्रणसम्बन्धी सरोकारवालासंगको अभिमुखीकरण कार्यक्रममा कुष्ठरोगीको संख्याका बारेमा जानकारी दिइएको हो ।
स्वास्थ्य कार्यालय झापाका कार्यालय प्रमुख रमेश बाराकोटीले विगत ५ वर्षमा बिर्तामोडका दश वटै वडामा पहिचान भएका कुष्ठरोगीको संख्या १ सय ११ जना पुगेको जानकारी दिए । जसमा सबैभन्दा बढी वडा नम्बर ३ मा १९ जना रहेका छन् । यस्तै वडा नम्बर १मा १३ जना, वडा नम्बर २ मा ४ जना, वडा नम्बर ४मा १४ जना, वडा नम्बर ५मा १६ जना, वडा नम्बर ६मा ६ जना, वडा नम्बर ७मा ७ जना, वडा नम्बर ८ मा १३ जना, वडा नम्बर ९मा ६ जना र वडा नम्बर १० मा १३ जना रहेका छन् ।
कार्यालय प्रमुख बाराकोटीले कुष्ठरोगीले औषधी पुरा मात्रामा सेवन गरे अरुलाई सार्न र अङ्गभङ्ग हुनबाट बच्ने बताए । उनले समाजमा कतिपय रोगीहरु गलत धारणाका कारण लुकेर बस्ने गरेकाले पनि कुष्ठरोग नियन्त्रणमा समस्या देखिएको बताए ।
यस्तै नेपाल कुष्ठरोग संगती (एनएलएफ) झापाका कार्यक्रम संयोजक दिपक घिमिरेले विगत २०५७ सालदेखि एनएलएफले नेपाल सरकारको कुष्ठरोग नियन्त्रण कार्यक्रममा प्राविधिक सहयोग उपलव्ध गराउँदै आएको जानकारी दिए । उनले झापामा कुष्ठरोग जनस्वास्थ्य समस्याका रुपमा रहेको बताए । एनएलएफले बिर्तामोड नगरपालिका क्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत बालबालिकाहरुमा कुष्ठरोगका विषयमा जनचेतनामुलक कार्यक्रम र रोगको संक्रमण भए नभएको चेकजाँचका लागि स्क्रिनिङ गर्ने कार्य गर्दै आएको छ ।

बिर्तामोडलाई कुष्ठरोग मुक्त पालिका बनाउने अभियानअन्तर्गत प्रथम चरणमा वडा नम्बर १,४,५,६ र ८ लाई प्राथमिकता दिएर अभिमुखीकरण कार्यक्रम गरिएको बिर्तामोडका कुष्ठरोग फोकल पर्सन दिपक सापकोटाले जानकारी दिए।
प्रति १० हजार जनसंख्यामा आर्थिक वर्ष २०७९/८०को अन्त्यमा उपचारमा रहेका बिरामीको प्रकोप (प्रिभिलेन्स) दर झापाको १.६० रहेको छ । यो कोशी प्रदेशकै सबैभन्दा बढी हो । तथ्याङ्क अनुसार गएको आर्थिक वर्षमामात्रै झापाका पालिकाहरुमा संक्रमितको संख्या कचनकवलमा २४ जना , बिर्तामोडमा १९ जना, दमकमा १८ जना , गौरीगञ्जमा १६ जना, गौरादहमा ११ जना, हल्दीबारीमा ११ जना, मेचीनगरमा १० जना, भद्रपुरमा १० जना, कमलमा ८ जना , शिवसताक्षीमा ६ जना, झापामा ६ जना, बुद्धशान्तिमा ५ जना, अर्जुनधारामा ५ जना, बाह्रदशीमा ५ जना र कनकाईमा ३ जना गरि १ सय ५७ जना रहेका छन् ।
अभिमुखीकरण कार्यक्रममा नगर प्रमुख पवित्रा महतारा प्रसाई, प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, नगरका प्रवक्ता तथा वडाध्यक्ष अग्निप्रसाद पाण्डे, राहुल शर्मा, रोहित प्रसाई, शिक्षा शाखा प्रमुख तिलचन भण्डारी, नगर अस्पतालका प्रमुख डा. सुनिल अधिकारी, कार्यपालिका सदस्य, वडा सदस्यलगायत स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रमलाई स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटी र एनएलएफ झापाका कार्यक्रम संयोजक दिपक घिमिरेले सहजीकरण गरेका थिए ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# इटहरी गोल्डकपः चर्च ब्वाइज युनाइटेड सेमिफाइनलमा



झापा(प्रस) । चर्च ब्वाइज युनाइटेड क्लब १४ औँ संस्करणको अन्तरर्ाष्ट्रिय आमन्त्रण इटहरी गोल्डकपको सेमिफाइनल प्रवेश गरेको छ। न्युरोड टिम एनआरटीलाई पराजित गर्दै चर्च ब्वाइज सेमिफाइनलमा प्रवेश गरेको हो। इटहरी रंगशालामा मंगलबार राति भएको अन्तिम क्वाटरफाइनल खेलमा झापा गोल्डकप च्याम्पियन चर्च ब्वाइजले बुढासुब्बा गोल्डकप विजेता एनआरटीमाथि २-१ गोलको जित हात पार्दै अन्तिम चारमा स्थान सुरक्षित गरेको हो।

चर्च ब्वाइजको जितमा अबायोमी फकुन्ले र सुरजज्यु ठकुरीले गोल गरे। एनआरटीका अफिज ओलावालेले एक गोल फर्काए।

खेलको ३७ औं मिनेटमा अबायोमीले गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका थिए। पहिलो हाफमा १-० को अग्रता लिएको चर्च ब्वाइजमाथि एनआरटीका ओलावालेले खेलको ८२ औं मिनेटमा गोल फर्काए। त्यसको एक मिनेट बित्न नपाउँदै चर्च ब्वाईजका ठकुरीले गोल गर्दै आफ्नो टिमलाई २-१ को जित दिलाए।

मंगलबारको खेलको म्यान अफ दि म्याच चर्च ब्वाइजका सुरजज्यु ठकुरी घोषित भए। सो बापत उनले नगद १० हजार प्राप्त गरे।फाइनल खेल शनिबार हुनेछ।

राष्ट्रिय जागृति क्लबको आयोजनामा इटहरी रंगशालामा सञ्चालन भएको प्रतियोगिताको विजेता टिमले नगद १० लाख र उपविजेता टिमले नगद ५ लाख रुपैयाँ प्रदान गरिनेछ।

## कोशीमा बेपत्ता तीनैजना बालबालिका मृत भेटिए

झापा(प्रस) । सुनकोशी नदीमा बेपत्ता भएका तीनैजना बालबालिका बुधबार मृत अवस्थामा फेला परेका छन्। आइतबार दिउँसो होली खेलेर नुहाउने क्रममा नदीमा डुबेर बेपत्ता भएका उनीहरू बुधबार दिउँसो मृत अवस्थामा फेला परेका हुन्।

बेपत्ता भएका त्रियुगा नगरपालिका १३ साउनेका १२ वर्षीय लोकबहादुर मगरको ८ शव किलोमिटर तल कम्फुघाट पुलमुनि फेला परेको प्रहरीले जनाएको छ। त्यसैगरी सोही ठाउँका ९ वर्षीय रिदम मगरको दुई किलोमिटर र १२ वर्षीया रेखा मगरको सात किलोमिटर तल घिर्लिङ भन्ने ठाउँमा शव फेला परेको छ।

बेपत्ता तीनै जनाको नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय र जनप्रतिनिधिहरूले खोजी गरेका थिए। वडाध्यक्ष हिम मगरले करिब ४ दिनपछि तीनै जना बालबालिकाको शव फेला परेको बताए। डुबेका अन्य ५ जनालाई स्थानीयले सकुशल उद्धार गरेका थिए।

# समर्थन फिर्ता लिने नागरिक उन्मुक्तिको निर्णय



झापा(प्रस) । प्रदेश सरकार गठनमा निर्णायक रहेको नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिममा नेपाली कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष रन्जिता श्रेष्ठको अध्यक्षतामा बुधबार टीकापुरमा बसेको बैठकले मुख्य कमलबहादुर शाह नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको पार्टीका केन्द्रीय सदस्य दामोदर पण्डितले जानकारी दिए । तर केही केन्द्रीय सदस्यले बैठक बहिष्कार गरेको स्रोतले जनाएको छ ।

२१ सदस्यीय केन्द्रीय समितिमा बहुमत सदस्य उपस्थित भएर निर्णय गरिएको पण्डितले दाबी गरे । केन्द्रीय सदस्य पण्डितले केन्द्रमा तयार भएको नयाँ गठबन्धनअनुसार प्रदेशमा पनि जाने निर्णय भएको प्रस्ट पारे ।

'केन्द्रमा जुन गठबन्धनलाई साथ दिएको छौं, प्रदेशमा पनि त्यहीँ गठबन्धनलाई पनि लैजाने निर्णय भएको छ,' उनले भने ।

## ब्राउनसुगरसहित दुई जना पक्राउ



झापा(प्रस)। झापाको बुद्धशान्तिमा लागूऔषध ब्राउनसुगरसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार बेलुका विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले बुद्धशान्ति गाउँपालिका- १ का ३४ वर्षीय श्यामसुन्दर ठाकुर र ३२ वर्षीय अजय तिवारीलाई शङ्कास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनीहरूको साथबाट ३ ग्राम ५ सय मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । लागूऔषधसहित पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# स्वच्छ छवि बनाएर विदाई भए डीएसपी कार्की



बिर्तामोड(प्रस)। इलाका प्रहरी कार्यालय बिर्तामोडको कमाण्ड करिव १४ महिना सम्हालिरहँदा डीएसपी सुरज कार्कीले कुनै पनि विवादमा मुछिनु परेन । सरल र स्वच्छ छवि भएकै कारण विदाई भएर जान लागेका डीएसपी कार्कीलाई यतिबेला धैरै संघ संस्थाहरुले स्वतःस्फूर्त रुपमा विदाई गरिरहेका छन् । मंगलवारमात्र डीएसपी कार्कीलाई करिव ५० वटा संघ संस्थाले विदाई गरेका छन् ।यसक्रममा कार्कीलाई बिर्तामोड उद्योग वाणिज्य संघसहित चार दर्जनभन्दा धैरै संघ संस्थाले सामूहिक विदाई गरेका छन् ।

अपराध न्यूनीकरण र समाजमा शान्ति सुव्यवस्था कायम गर्न सफल भएको भन्दै कार्कीलाई जिल्लाका चार दर्जनभन्दा धैरै संघ संस्थाले एकसाथ सम्मानसहित बिदाई गरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीको अध्यक्षतामा मंगलवार आयोजित कार्यक्रमकाबीच प्रहरी नायव उपरीक्षक कार्कीलाई सम्मानसहित बिदाई गरिएको थियो ।

सम्मानित कार्कीको सम्मानपत्र महिला उद्यमी पार्बता विमली खरेलले वाचन गरेकी थिइन् । बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष बलराम कार्कीले स्वागत गरेको कार्यक्रममा नेपाली कांग्रेस बिर्तामोड नगर सभापति भोजराज सिटौला, झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेत, वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष संगीता गिरी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए । बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष राजु न्यौपानेसहित संघका पदाधिकारीको उपस्थितिमा भएको कार्यक्रमको सञ्चालन संघका नवनिर्वाचित महासचिव कुशल खतिवडाले गरेका थिए ।

यसअघि लायन्स क्लव अफ कनकाई सुरुङ्गाको आयोजनामा प्रहरी नायव उपरीक्षक कार्कीलाई विदाई गरिएको थियो । कार्यक्रममा लायन्स क्लब अफ कनकाई सुरुङ्गाका संस्थापक अध्यक्ष तथा लायन्सका क्याविनेट सेक्रेटरी लीलाप्रसाद चिमरिया, लायन्सका पूर्व अध्यक्ष रुपनारायण खतिवडा, सुरेन्द्र प्रधान, साजन थापा, मनोज बस्नेत, पत्रकार महासंघ कोशीका कार्यसमिति सदस्य लीलाराज झापाली, इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रहरी बरिष्ठ नायव निरीक्षक प्रविण भट्टराई, सुरुङ्गा ट्राफिक प्रहरी कार्यालय प्रमुख टंकप्रसाद दाहालगायतले विदाई गरेका थिए । लायन्सका तर्फबाट क्याविनेट सेक्रेटरी लीला चिमरियाले कार्कीलाई नेपाली टोपी , खादा, माला र मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रमको सञ्चालन लायन्सका पूर्व अध्यक्ष तथा प्रेस क्लव कनकाई सुरुङ्गाका सचिव मनोज बस्नेतले गरेका थिए ।त्यस्तै प्रहरी नायब उपरीक्षक कार्कीलाई बिर्ताबजार प्रहरी चौकी व्यवस्थापन समितिले विदाई गरेको छ । समितिका अध्यक्ष विरनकुमार कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड ३ का वडाध्यक्ष मदनकुमार बुढाथोकी ,कांग्रेसका नगर सभापति भोजराज सिटौलालगायतले विदाईसहित उत्तरोतर प्रगतिको शुभकामना दिएका थिए । त्यस्तै कार्की समाजले पनि मंगलवार बिर्तामोडमा प्रहरी नायव उपरीक्षक कार्कीलाई विदाई गरेको छ । विदाई गर्ने सबैले प्रहरी उपरीक्षकको रुपमा फेरि झापा आउन कार्कीलाई शुभकामना दिएका छन् । कार्की १४ महिनाअघि इलाका प्रहरी कार्यालय बिर्तामोडको नेतृत्व सम्हाल्न आएका थिए । उनी हालै जिल्ला प्रहरी कार्यालय नुवाकोट सरुवा भएका छन् । उनले २०७९ माघ २६ गतेबाट इलाका प्रहरी कार्यालय बिर्तामोडको नेतृत्व सम्हालेका थिए । १४ महिना बिर्तामोडको नेतृत्व सम्हाल्दा उनले अपराध नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गरे ।स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न राजनीतिक दलका नेता, विभिन्न संघ-संस्था, उद्योगी, व्यवसायी तथा स्थानीयसंगको समन्वयमा इलाका प्रहरी कार्यालय बिर्तामोडको क्षेत्रभित्र अपराध नियन्त्रणमा उनी सफल देखिए ।

## पुरानो रिसिबीका कारण मुर्मूमाथि छुरा प्रहार

बिर्तामोड(प्रस)। पुरानो रिसिबीका कारण बिर्तामोड १ का २३ वर्षीय सुनिराम मुर्मूमाथि छुरा प्रहार भएको खुलेको छ । पुरानो रिसिबीका कारण दुई पक्षबीच झडप भएको र मुर्मूमाथि छुरा प्रहार भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सुरज कार्कीले बताए । बिर्तामोडस्थित पश्चिम बस स्टेन्डमा मंगलवार राति ८.२० बजे दुई समूहबीच झडप हुँदा छुरा प्रहार भएको थियो । छुरा प्रहारबाट घाइते भएका मुर्मूलाई उपचारका लागि स्पाइन एक्स अस्पतालमा भर्ना गरिएको छ । राति उनको शल्यक्रिया गरिएको प्रहरीले जनाएको छ । अहिले पनि उनको अबस्था गंभीर रहेको छ ।

उनको बायाँ हातको कुम र ढाडको माथिपट्टी गर्दनमा चोट लागेको छ । घटनामा संलग्न भएको आशंकामा प्रहरीले पाँच जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरुमा बिर्तामोड १ बस्ने २३ वर्षीय राम टुडू, वडा नं ६ बस्ने १९ वर्षीया एलिना श्रेष्ठ , वडा नं १ बस्ने २९ वर्षीय सुसान मुर्मू , अर्जुनधारा ११ बस्ने ३० वर्षीय सरोज सहनी र कनकाई १ बस्ने २३ वर्षीय मनोज बि.क.रहेका छन् ।




# सुवन्त नेतृत्वको रासविसद्वारा वैध भएको दावी

झापा(प्रस)। राजवंशी समाज विकास समितिका दुईवटा समूहबीच आधिकारिकताको विवाद चलिरहेका बेला सुवन्त राजवंशी नेतृत्वको समूहले आफ्नो संस्थालाई जिल्ला प्रशासन कार्यालयले नवीकरण गरिदिएकाले आफूहरु नै वैध भएको दावी गरेको छ ।



जिल्ला प्रशासन कार्यालय झापाले भर्खरै चालु आर्थिक वर्षको लागि आफ्नो संस्थालाई नवीकरण गरिदिएको सो समूहले दावी गरेको हो । सुवन्त राजवंशी केन्द्रीय अध्यक्ष भएको राजवंशी समाज विकास समितिले बुधवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी आफूहरु आधिकारिक भएको दावी प्रस्तुत गरेको हो । गत वर्ष पनि आफूहरुकै संस्थालाई जिल्ला प्रशासन कार्यालयले नवीकरण गरिदिएकोमा अर्को समूहले भ्रम सिर्जना गरेको जिल्ला अध्यक्ष उतम राजवंशीले बताए । उनले आफ्नो संस्थाका केन्द्रीय महासचिव चन्द्रप्रसाद राजवंशीले निवेदन दिएको र त्यस निवेदनका आधारमा जिल्ला प्रशासन कार्यालयले नवीकरण गरिदिएको जानकारी दिए ।कार्यक्रममा राजवंशी समाज विकास समितिका केन्द्रीय सचिव लखनलाल राजवंशी , केन्द्रीय सल्लाहकार दलसिंह राजवंशी , जिल्ला अध्यक्ष उतम राजवंशी , जिल्ला सचिव सोहनलाल राजवंशी , मोरङका जिल्ला सचिव रुपेश राजवंशी ,बिर्तामोड नगर अध्यक्ष सिरतलाल राजवंशी , सचिव बालकृष्ण राजवंशी , सहसचिव झलकसिंह राजवंशीलगायतको उपस्थिति रहेको थियो ।

उनीहरुले आफूहरुको संस्था आधिकारिक प्रमाणित भइसकेको दावी गर्दै राजवंशी समाज विकास समितिको नाम , लेटरप्याड, छाप दुरुपयोग नगर्न समानान्तर समितिलाई आग्रह गरेका थिए । २०७९ असार ३० र ३१ गते मोरङमा आयोजित महाधिवेशनमा विवाद भएपछि विभाजित भएको राजवंशी समाज विकास समितिको दुईवटा समानान्तर समिति क्रियाशील रहँदै आएको छ ।




## झापाका...

कतिपय ठाउँमा आफै बिरुवा उम्रने गर्छ । वनमा लागेको आगो नियन्त्रणमा समयमै नेपाली सैनिक, प्रहरी तथा स्थानीय बासिन्दाको सहयोगका कारण ठूलो क्षति हुनबाट जोगिने कालिका सामुयिक वन मेचीनगर ११/१२ का अध्यक्ष योगेश भट्टराईले जानकारी दिए । नेपाल प्रहरी, नेपाली सेना, स्थानीयवासी तथा वन कार्यालयका कर्मचारीको सहयोगले नै आगलागी नियन्त्रण सम्भव हुने वनको भनाई छ । गत वर्ष उक्त वनको डेढ हेक्टर क्षेत्रफलमा आगलागी हुँदा ठूला साना सयौं रुख र बिरुवा जलेर नष्ट भएका थिए । वनमा लागेको डढेलोका कारण हुने वायु प्रदूषणले संकट निम्त्याउने वातावरणविद योगेशराज पन्तको भनाई छ । गैरमानव जीवनमा डढेलोले पुर्याएको क्षति निकै हुने उनको भनाई छ । समयमा पानी नपर्नु ,मानिसको हेलचेक्रयाइँ, मानिसले व्यक्तिगत जग्गामा पातपतिङ्गर पोलेर छाड्ने वा सडक बढारेको फोहर नालीमा फालेर आगो लगाउनेलगायतका कारण सुख्खायाममा धैरै आगलागी हुने गरेको छ । त्यस्तै जनचेतना र प्रचारप्रसारको कमी हुँदा वनमा धैरै आगलागी भएको छ । स्याउला र सोतर लिन वनमा गएकाको लापरवाहीले पनि आगलागी हुन सक्ने बताइन्छ ।

वनमा आगो लगाउनेलाई कारबाहीको दायरामा ल्याउने गरिएको एकजना सुरक्षाकर्मीको भनाई छ । तर, यो अवधिमा वनमा आगो लगाएकै आरोपमा कोही पनि पक्राउ परेका छैनन् । कतिपय मानिसले वनमा डढेलो लगाउँदा कलिलो घाँस पलाउने, विभिन्न किसिमका च्याउ उम्रिने भएकाले पनि सुख्खा मौसमको समयमा वनमा जथाभावी डढेलो लगाउने गरेको पाइएको छ । वनमा पाइने बिरुवाहरु उम्रिएपछि जंगलको रुप लिन ८ देखि १५ वर्षसम्म लाग्ने यसका जानकारहरु बताउँछन् ।

## बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## ७ दिने सूचना

सधियार पूर्व : श्री राजिव तामाङ्ग, पश्चिमः श्री पदम बहादुर नेपाल, उत्तरः श्री अर्जुन चिमरियाको नाममा जारी गरिएको ।

साविक बुधबारे गा.पा वडा नं ९, हाल बुद्धशान्ति गा.पा., वडा नं. ३ बस्ने श्री पशुपति विश्वकर्माले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बुद्धशान्ति-३ | - | ७७२६ | ०-०-१० | २०८०/११/३० | २०८०/११/३० | |

चैत्र ०३ गते प्रकाशित सूचनामा जग्गा रहेको स्थान बुद्धशान्ति ३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याई पुनः प्रकाशित गरिएको ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पर्वप्रति वितृष्णा

पछिल्लो समय चाडपर्वका नाममा भइरहेका विकृति टाउको दुखाइ बन्न पुगेको छ । भर्खरै सकिएको फागु पर्वका क्रममा भएको झडपमा ललितपुरको ढोलाहिटीमा दुई जनाको ज्यानै गएको छ। अर्कोतर्फ कैलालीको चिसापानीस्थित कर्णाली पुलबाट नदीमा हामफालेका १७ जनामध्ये एकजनाको मृत्यु भयो। झापामा कनकाई नहरमा डुबेर एक किशोरको मृत्यु भयो । अन्यत्र पनि झडपका दर्जनौँ घटना भएका छन्। जसले फागु पर्वलाई विकृत तुल्याउँदै लगेको प्रष्ट हुन्छ।

फागु आपसमा रङ दलेर रमाइलो गर्ने पर्वका रूपमा बुझिन्छ। तर आफू-आफूबाहेक अपरिचितलाई पनि इच्छाविपरित रङ दल्ने, उसका कपडा र शरीर बिटुल्याइदिने, पानी खन्याइदिने, रङ हालिएका बेलुन, प्लास्टिक आदि पोका प्रहारबाट कतिपय अवस्थामा घाउचोट लगाइदिने जस्ता कामसमेत यतिबेला हुँदै आएका छन्। त्यति मात्र हैन, मादक पदार्थ सेवन गर्ने, ठूलो ठूलो स्वरमा संगीत बजाएर अरूलाई अवरोध पुऱ्याउने जस्ता काम हुने गरेको छ। हेलमेट नलगाइ मोटरसाइकल चलाउने, चार-पाँच जना चढ्ने, तीव्र गतिमा कुदाउने गतिविधिसमेत फागु पर्वका बेला हुने गरेका छन्। यस्तै कार्य गरेको अभियोगमा दुई सय ७७ जना पक्राउ पर्नुले पनि विकृतिको आकार कति ठूलो छ भन्ने थाहा पाउन सघाउँछ।

पर्व मनाउन पाइन्छ। यो अधिकारकै कुरा हो। तर आफूले कुनै पनि अधिकार प्रयोग गर्दा अरूलाई अवरोध पुऱ्याउन पाइन्न भन्नेचाहिँ थाहा नहुनु विडम्बनाकै कुरा हो। पर्वमा सामेल नभएकालाई जबर्जस्ती गर्नु, होहल्ला मच्चाउनु, रिसइवी फेर्ने मौकाका रूपमा दुरूपयोग गर्नु, मौलिकता रक्षा गर्नुको बदला हिंसात्मक र भयमय बनाउनु दुःखद पक्ष हुन्। जसले हाम्रो चेतनाको स्तर झन् झन् खस्केको प्रमाणित गर्छ भने पर्वहरूप्रति पनि सतर्क हुनुपर्ने अवस्था सिर्जना गराउँछ। पर्वहरूलाई निरन्तरता दिनुको मतलब यी कालजयी रहून् भन्ने पनि हो। प्रत्येक नयाँ पुस्ताले यसलाई आत्मसात गरुन् भन्ने पनि हो। अनि यसका राम्रा पक्षबाट भरपुर फाइदा लिन सकून् भन्ने पनि हो। यस्तो कार्यले नेपालीपनलाई युगौँसम्म जीवित राख्न सक्छ। तर पछिल्लो समय पर्व मनाउने नाममा जे/जस्ता हर्कत भइरहेका छन्, ती भर्त्सनायोग्य छन्। यस्ता घटनामा संलग्नले आफूलाई त डुबाए डुबाए, अन्यलाई पनि पीडा दिएका छन्। र, समग्रमा पर्वप्रति नै वितृष्णा फैलाउन मद्दत गरेका छन्। यो कार्य कुनै पनि दृष्टिकोणबाट सही मान्न सकिन्न।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निजामती विधेयकमा छुटेका विषय



• गोपीनाथ मैनाली

फ्रान्सेली राज्यक्रान्तिपछि सन् १८०४ मा नेपोलियन बोनापार्टले साबिकको 'शाही सेवा' लाई 'निजामती सेवा' भनेर निजामती सेवाको औपचारिक नामकरण गरेका थिए तर नाममा नभए पनि काममा भने निजामती सेवा राज्य प्रणाली विकाससँगै जन्मिएको थियो । यसलाई व्याख्या गरी छुट्टै निष्पक्ष संस्था बनाउने काम भने बेलायतमा सन् १८५३ मा गठित नर्थकोट-ट्रेभेलियनको प्रतिवेदनपछि भयो । त्यसपछिका दिनमा निजामती सेवालाई विकास, विस्तार र व्यवस्थित गर्ने काम निरन्तर छ । नेपालमा पनि विसं २०१३ मा जारी भएको निजामती सेवा ऐनबाट सुरु भएको निजामती सेवाको विकासक्रम विभिन्न कालखण्डमा जारी कानुनबाट व्यवस्थित हुँदै आएको छ ।

अहिले संघीय निजामती सेवा विधेयकले संसदीय प्रक्रियामा पुनः प्रवेश पाएको छ । २०७३र७४ मा नै बनिसक्नुपर्ने ऐन निकै ढिला गरी बन्दै छ । यसको पृष्ठभूमिमा चार सन्दर्भ रहेका छन् । पहिलो, शासकीय व्यवस्था एकात्मकबाट संघीय स्वरूपमा परिवर्तन भएको छ । संघीय लोकतान्त्रिक प्रणालीका मूल्य मान्यतालाई यसले सम्बोधन गर्नु पर्छ । दोस्रो, उदारीकरण र विश्वव्यापीकरणले बढाएको अन्तरआबद्धताले पनि नागरिक सेवा व्यवस्थापन र निजामती सेवाबिच खास मूल्यको माग गरेकोले त्यसलाई सम्बोधन गर्नुपर्ने अवस्था छ । तेस्रो, राज्य सञ्चालनका अवधारणामा व्यापक फेरबदल आएकाले सेवा व्यवस्थापन शास्त्रीय ढङ्गबाट चल्न नसक्ने भई नागरिक सहकार्यको अभ्यासको माग छ । चौथो, लामो समयदेखि निजामती सेवामा कानुनको रिक्तता छ । कानुनी रिक्ततालाई पूरा गरी शासकीय तहहरूको प्रणाली निर्माण र कर्मचारीको अभिभावकत्व दिनुपर्ने अवस्था छ । यसर्थ संघीय निजामती सेवा ऐन शास्त्रीय सोच, शैलीबाट माथि उठी सामाजिक शासकीय सन्दर्भलाई सम्बोधन गर्ने गरी बन्नु पर्छ तर ढिलो हुनुहुन्न । किनकी कानुनी रिक्तताले देख्यअदेख्य सङ्क्रमणलाई आमन्त्रण गर्छ ।

संसदीय प्रक्रियामा पुगेको विधेयकका कतिपय राम्रा पक्ष छन् । पहिलो त कानुन बन्ने प्रयास भएको छ । कानुन नै बन्दैन कि भन्ने सन्देह देखिएको थियो । यसका कतिपय प्रावधानहरू परिवर्तन गरेको छ । जस्तो कि पदपूर्ति, तहसंरचना, सेवा प्रवेश र आकाशको उमेर, समावेशी, परीक्षणकाल, नेतृत्व विकास, निजामती सेवा सञ्चालनका सिद्धान्त, आचरण, प्रशासन सुधार, तलब तथा अन्य सुविधाका नयाँ प्रावधानहरू प्रस्तावित छन् तर माथि उल्लेख गरेझैं ऐनले सन्दर्भ र गतिशीलता पक्डिन र निजामती सेवालाई नागरिक सेवाको दह्निलो संवाहक बनाउन केही आधारभूत पक्षमा ध्यान दिनु जरुरी छ । निजामती सेवाका दुई आयाम छन् : नागरिक सेवा व्यवस्थापन र सेवा व्यवस्थापनका लागि वृत्ति सेवकका रूपमा निजामती कर्मचारीको व्यवस्थापन । विधेयक नागरिक सेवाको भूमिकामा भन्दा कर्मचारी व्यवस्थापनमा केन्द्रित छ । यो आधारभूत कुरामा दृष्टिकोणयुक्त व्यावहारिक सोच राखेर मात्र निजामती सेवालाई जनताको सेवा बनाउन सकिन्छ । नागरिकको माया नपाइकन निजामती कर्मचारीले काम गर्नु फगत जागिरको व्यवस्थापन हो । निजामती कर्मचारीको कानुनी, साङ्केतिक र नैतिक दायित्व नागरिक सेवा हो । यो दायित्व किटान गर्न नागरिक जवाफदेहिता स्पष्ट हुने गरी जवाफदेहिताका प्रावधानहरू, नागरिक विवेचना पद्धति र नागरिक प्रशासन सम्बन्धका विषय उल्लेख गर्न विधेयकले भुलेको छ ।

पहिलो पक्ष सम्बोधन गरिसकेपछि त्यसलाई कार्य रूप दिन संयन्त्रात्मक पक्षमा ध्यान दिनु पर्छ । त्यो भनेको निजामती कर्मचारीको व्यवस्थापन हो । यसको सुरुवात संघीयताको कुराबाट सुरु हुनु पर्छ । नागरिक सेवाको दायित्व शासकीय तहहरूमा वर्गीकृत भएपछि त्यसलाई व्यस्थापन गर्ने प्रणाली (निजामती सेवा) पनि तीनै तहको अलग अलग हुने संवैधानिक सिद्धान्त हो । धारा २८५, साझा अधिकार क्षेत्र र कार्यविभाजनको सिद्धान्तलाई सम्बोधन गरेर मात्र निजामती सेवा संघीय शासन प्रणाली अनुरूप हुन सक्छ । नेपालको संघीयता समन्वयात्मक स्वायत्ततामा छ । यो अलि जटिल हो तर संविधानले घोषणा गरिसकेपछि त्यहाँभन्दा विषयान्तर हुने छुट छैन । यसले व्यापक परिवर्तन मागेको छ, सीमान्त सुधार होइन । प्रस्तावका कतिपय प्रावधानले यसलाई स्वीकार्दैन । संसदीय प्रक्रियाले प्रस्तावित प्रावधानलाई परिमार्जन गर्नु पर्छ ।

निजामती सेवाको मूल्य सुरुमा नै घोषणा गरेर त्यसपछिका प्रावधानले त्यसलाई चलायमान बनाउने दृष्टिकोण आवश्यक छ । कतिपय देशमा यस्तो प्रचलन छ । यसले निजमती सेवालाई मूल्यमा आधारित बनाउने आधार दिन्छ । निजामती सेवाको परिभाषा फराकिलो बनाउन संविधानको धारा २४३ को भावना समेट्नु पर्छ । संघीय निजामती सेवा ऐन लागु हुने सन्दर्भमा मात्र निजामती सेवाको व्याख्या गरी प्रदेश तथा निजमती सेवालाई पनि निजामती सेवाको बृहत् परिभाषामा ल्याउनु पर्छ । किनकी संघीय निजामती सेवा मार्गदर्शक कानुन हो । त्यसो गर्दा मात्र स्थानीय तहका कर्मचारीको भावना समेटिन्छ र राष्ट्रिय मूल्य कार्यान्वयनमा सहजता आउँछ ।
पेसागत विशिष्ठता र नेतृत्व विकासका लागि तहगत प्रणाली भनिए पनि दर्जाभित्रको तहले कार्यमूलकता दिँदैन, कर्मचारीले वृत्ति खुट्किला मात्र चढ्छन् । त्यसैले निजामती सेवालाई सहायक, पेसागत र कार्यकारी तीन क्लष्टरमा वर्गीकरण गरेर तहलाई कार्यमूलक बनाउनु पर्छ । अर्को पक्ष पदपूर्तिलाई सकारात्मक र फराकिलो बनाउन, स्रोतमै उम्मेदवार खोजी र आवेदन प्रेरित गर्न र उम्मेदवारको स्वभाव अनि अभिरुचि परीक्षण गर्न परीक्षण विधि सुधार गर्नु पर्छ । पाँचौं तहमा १०० प्रतिशत बन्द पदपूर्तिको व्यवस्था राम्रो होइन, ४० प्रतिशत बढुवा र ६० प्रतिशत खुला गर्दा श्रम बजारका प्रतिभा व्यवस्थापन हुन्छ । त्यसो गर्न नसके यसले राजनीतिक लागत पनि बेहोर्नु पर्ने हुन्छ । प्रणालीलई गतावधिक बन्न नदिन र प्रणालीभित्र सिर्जनात्मक तनाव ल्याउन उच्च तहमा खुला र आन्तरिक प्रतिस्पर्धाको व्यवस्था गर्न आवश्यक छ । अहिले कल्पना नगरिएको बहुसिपयुक्त कर्मचारीको माग भइरहेको छ र भोलि यो बढ्दै जाने छ । प्रणाली ताजा बनेन र थुनियो भने सिर्जनशीलता र अग्रसरतामा बिर्को लाग्छ । त्यसको प्रभाव नीति, कानुन, संवाद, वार्ता र सेवा व्यवस्थापनमा पर्ने छ । समावेशी सम्बोधनका लागि प्रत्येक समूहबाट ५० प्रतिशत महिलाका लागि अवसर आरक्षित गर्ने र प्रत्येक आरक्षित समूहका लागि छुट्टाछुट्टै प्रतिस्पर्धा सैद्धान्तिक रूपमा राम्रो हो तर व्यवस्थापन गर्न निकै कठिन छ । व्यवस्थापन कुशल नभएमा प्रणाली झनै असमावेशी बन्ने खतरा रहन्छ ।
समावेशी पदका लागि आधार सूचक नबनाएमा त्यही वर्गको हुनेखानेले नीति लाभ हडप्छ, जुन अहिले नै देखिएको छ । यसलाई वास्तविक आधार सूचक बनाएर भनिएको वर्गमा नीति लाभ पुऱ्याउन सम्मानित सर्वोच्च अदालतले आदेश दिएको छ । सम्पत्ति, शिक्षा, पारिवारिक हैसियत, आवास संरचनाको अवस्था हेरेर सूचक बनाउनु पर्छ । एक पटक आरक्षण उपभोग गर्नेले यो सुविधा फेरि पाउनुहुन्न । साथै आरक्षणको सम्बन्धमा संविधानको धारा ४२ को कार्यान्वयन धारा १८ (३) को स्पष्टीकरण (आर्थिक रूपमा विपन्न) निरपेक्ष हुन सक्दैन । विपन्न वर्ग को हो र त्यसका सूचक के हुन भन्ने स्पष्ट व्याख्या गर्नु पर्छ ।
बढुवा समितिमा लोक सेवा आयोगको महत्व बढाउनु पर्छ । प्रस्तावित प्रावधानहरूमा कानुन सचिव राख्न खोजिएको छ । मुख्य सचिव, समान्य सचिव कानुनी प्रावधान जान्दैनन् भन्ने कल्पना विधिनिर्माताले गर्नुहुन्न । आवश्यक सेवा दिन मन्त्रालयहरूमा कानुन डेस्क छन्, कानुन सचिवको पनि कर्तव्य हो । साथै अधिकृत बढुवाका लागि बढुवा समितिको सचिवलाई अध्यक्षता गर्नेको पदाधिकारीको कार्यालय हुनु पर्छ । मुख्य सचिव नियुक्तिलाई योग्यता प्रणालीमा ल्याउन लोक सेवा आयोगको अध्यक्ष, वरिष्ठ सदस्य र आयोगको अध्यक्षले तोकेको पूर्वमुख्य सचिव वा आयोगको पूर्वअध्यक्ष भएको तीन सदस्यीय समिति बनाउने व्यवस्था जरुरी छ । विशिष्ट श्रेणीमा बढुवाको आधार प्रस्ट पार्नु पर्छ । मुख्य सचिव र सचिवका लागि वरिष्ठता, कार्यसम्पादन क्षमता र निर्णय तथा नेतृत्व क्षमताको सूचक भारसहित स्पष्ट पार्नु पर्छ ।

आमकर्मचारीको सिप आर्जन गर्ने हक सुनिश्चित हुनु पर्छ । सबैका लागि तालिमको अवधारणा अनुरूप प्रत्येक वर्ष प्रत्येक कर्मचारीले तालिममार्फत पुनर्ताजगी हुन पाउने हक निश्चित गर्नु पर्छ । तालिम, मनोनयन, छात्रवृत्तिमा विदेश गएर उतै अर्को मुलुकको कर्मचारी वा नागरिक बन्ने कामलाई नैतिक पतनको अपराधमा राखी कारबाहीको दायरामा ल्याउनु पर्छ । राज्यले लगानी गरेर सिप, क्षमता विकास गरेका व्यक्तिले राज्यमाथि व्यभिचार गर्ने छुट दिनु हुँदैन । निजामती कर्मचारीको एउटा मात्र युनियन (ट्रेड युनियन नभनीकन) व्यवस्था गरी यसले गर्ने काम दिग्दर्शनमार्फत स्पष्ट पार्नु पर्छ । धेरै कर्मचारी युनियनले समूह भावनामा काम गर्नुपर्ने कर्मचारीलाई आस्थामा विभाजन गरी अनुशासनहीन बनाएको छ । यसबाट शिक्षा लिनु पर्छ ।

अवकाश व्यवस्थापनका प्रावधान थप गरी जीवन, जवानी र जोश राष्ट्रसेवामा उत्सर्ग गर्ने कर्मचारीको कदर गर्ने, उसको ज्ञान, सिप र अनुभवको उपयोग गर्ने र तलब वृद्धि हुँदा त्यही प्रतिशतको आधारमा निवृत्तिभरण बढ्ने प्रावधान राख्नु जरुरी छ । संविधानको धारा ५१ (राज्यका नीतिहरू) का देहाय (क) (७) मा पूर्वकर्मचारी र राष्ट्रसेवकको विषयमा राज्यलाई निर्देश गरेको छ । कार्यकारी तहमा पुग्ने व्यक्तिको नेतृत्व परीक्षणका लागि लोक सेवा आयोगले नेतृत्व परीक्षण गर्ने विधि स्थापित गर्नु पर्छ । आयोगबाहेक अन्य संयन्त्रबाट नेतृत्व परीक्षण भएमा योग्यता र क्षमताभन्दा उभय पक्षले प्रश्रय पाउन पुग्छ । साथै निश्चितभन्दा बढी बेरुजु भएमा, खर्च नभएमा र सिकायत भएमा नेतृत्व परीक्षणको वृत्तबाट बाहिर पर्ने व्यवस्था गर्नु पर्छ ।

# कर्मचारीको अवकाश उमेर



• डा. लोकनाथ भुसाल

निजामती सेवा देशको स्थायी सरकार हो । यसले सार्वजनिक नीति निर्माणमा सल्लाहकारको र नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्छ । यो जनता र सरकारलाई जोड्ने जीवन्त पुल हो । यस्तो महत्वपूर्ण सेवामा रहने कर्मचारीहरू पनि स्थायी हुनुपर्ने मान्यता रहेको छ । स्थायीको अर्थ आजीवन सेवामा रहने भन्ने पनि होइन । त्यसैले सेवा गर्न पाउने उमेरको हद तोकिएको हुन्छ । ६०/६५ वर्षको उमेरपछि व्यक्तिको उत्पादकत्वमा कमी आउने भएकाले सेवामा उच्च उत्पादकत्व भएका कर्मचारीलाई मात्र राख्नका लागि नेपालमा निजामती कर्मचारीको अवकाशको उमेर ५८ वर्ष कायम गरिएको छ तर अरू सरकारी बेतनधारीभन्दा निजामती कर्मचारीको अवकाश उमेर कम रहेको छ । न्यायाधीश ६५ वर्षसम्म सेवामा रहने प्रावधान छ ।

कर्मचारीको अवकाश हुने उमेरले राज्यले बेहोर्नु पर्ने पेन्सनबापतको वित्तीय दायित्व र नयाँ भर्ना हुने कर्मचारीको सरकारी सेवाको पहुँचलाई पनि असर गर्छ । अर्थात् सरकारको खर्च कम हुने गरी र नवप्रवेशीलाई विज्ञापन रोकेर हतोत्साहित नगर्ने गरी अवकाशको उमेर तोकिनु पर्छ । नेपालीको औसत आयु बढेकोले कर्मचारीको अवकाशको उमेर बढाउन उपयुक्त हुने दाबी पनि गरिएको छ तर यसरी उमेर बढाउँदा एकैचोटि बढाउन नहुने तर्क पनि प्रमाणमा आधारित छ ।

निजामती कर्मचारीको निवृत्त हुने उमेर ५८ बाट ६० वर्ष बनाउने गरी हालै संसद्मा दर्ता भएको संघीय निजामती सेवा विधेयकमा प्रस्ताव गरिएको छ । लामो समयसम्म सहमति हुन नसक्दा विधेयकको मस्यौदा संसद्मा पेस हुन सकेको थिएन । विगतमा अमूक व्यक्तिलाई फाइदा हुने गरी कानुनी व्यवस्था गर्ने नीतिनिर्मातालाई देशले भोगेको छ र प्रभावितले दुःख पनि पाएका छन् । असहमतिको विषय अवकाशको उमेर नभएर प्रदेशको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति र सरुवा कसले गर्ने भन्ने पनि रहेको थियो ।

यो विषय प्रशासनिक संघीयताको कार्यान्वयनसँग सम्बन्धित रहेकाले पनि पेचिलो बनेको थियो तर संघीय ऐन नआउँदा प्रदेश र स्थानीय तहका कर्मचारीको व्यवस्थापनमा अलमल भएको र स्थायी सरकार अस्थिर बनेकोले यो ऐन शीघ्र जारी हुनुपर्ने माग पनि रहेको छ । यसमा सरकार र व्यवस्थापिकाको थप उदासीनता भयो भने कर्मचारीतन्त्रलाई कमजोर बनाउने प्रपञ्चकै रूपमा बुझिने विज्ञहरूको राय रहेको छ ।

निजामती कर्मचारीको अवकाशको उमेर बढाउँदा देशलाई उच्च कार्यसम्पादन र वित्तीय फाइदा हुने तर्क गरिएको छ । नेपालीको औसत आयु बढेको सन्दर्भमा कर्मचारी पनि सक्रिय रहने उमेर बढ्छ । ५८ वर्षमा नै अवकाश हुँदा उनीहरूले सक्ने बेलामा नै निष्क्रिय जीवन बिताउनु पर्छ । देशको उत्पादनशील जनशक्तिको उपयोग हुन पाउँदैन । अनुभवी र खारिएका कर्मचारीको सेवाबाट देश वञ्चित हुनु पर्छ ।

कम उमेरमै अवकाश हुँदा पेन्सन दिनु पर्ने र नयाँ नियुक्त हुनेलाई तलब दिनु पर्दा राज्यकोषमा दोहोरो भार पर्छ । त्यसैले अवकाशको उमेर बढाउनु उपयुक्त हुन्छ । त्यसो त २०४९ सालअगाडि २०१३ र २०२१ सालको निजामती सेवा ऐनमा अवकाशको उमेर ६० वर्ष नै थियो । त्यतिबेला ५८ वर्षमा कायम गर्न राजनीतिक पक्षको भूमिका रहेको बताइन्छ । व्यावसायिकता र राज्यकोषको सदुपयोग तथा बचतलाई निर्णयको आधार बनाउनु पर्नेमा अरू नै आधारको सहारा लिँदा देशले अनावश्यक वित्तीय भार बोक्नु परेको यो अर्को उदाहरण हो ।

अवकाशको उमेर दुई वर्ष बढाउन सबै पक्षको सहमति भएको अवस्था छ तर दुई वर्ष मात्र बढाउने र एकै पटकमा बढाउने काम युक्तिसङ्गत नहुने तथ्यतर्फ ध्यान गएको देखिँदैन । दीर्घकालीन सोचका साथ अब अवकाशको उमेर सात वर्ष थपेर ६५ वर्ष पुऱ्याउनु पर्छ । औसत आयु ७२ वर्ष पुगेको र सन् २०३० सम्म ७४ वर्ष पुग्ने अनुमान रहेकाले कर्मचारीले ६५ वर्षसम्म राम्रैसँग काम गर्न सक्छन् । विश्वभर अवकाशको उमेर ६५ वर्षकै हाराहारीमा रहेको छ । विकसित देशमा यस्तो उमेर ७५ वर्षसम्म पनि रहेको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का नेपालबाहेक सबै मुलुकमा कर्मचारीको अवकाश उमेर ६० भन्दा नै माथि नै रहेको छ । यस्तो उमेर थप बढाउने चर्चा पनि चलेको छ । त्यसो त संवैधानिक निकायहरू र सर्वोच्चका न्यायाधीशको अवकाश हुने उमेर ६५ वर्ष रहेको छ । शिक्षक र स्वास्थ्यकर्मी ६० वर्षमा सेवा निवृत्त हुने गरेका छन् । उच्च अदालतका न्यायाधीश ६३ वर्षमा अवकाश हुने व्यवस्था छ । अब सबै सरकारी बेतनधारीको अवकाशको उमेरमा एकरूपता ल्याउन ६५ वर्ष बनाउनु नै न्यायपूर्ण हुने छ ।

यसरी ६५ वर्ष बनाउँदा एकै पटक बनाउनु हुँदैन । बढ्ने सात वर्षलाई १२ महिनाले गुणा गर्दा ८४ महिना हुन्छ । यसलाई चारले भाग गर्दा २१ हुन्छ । यसको मतलव अवकाश हुने उमेर आगामी २१ वर्षसम्म प्रतिवर्ष चार महिनाका दरले बढाएर ६५ वर्ष पुऱ्याउनु पर्छ । जर्मनीमा अवकाश उमेर ६५ बाट ६७ पुऱ्याउँदा १८ वर्ष लागेको थियो । यसमा पहिलो १२ वर्ष प्रति वर्ष एक महिनाको दरले र पछिल्लो ६ वर्ष प्रतिवर्ष दुई महिनाको दरले अवकाश उमेर बढाइएको थियो ।

सबैको हितलाई ध्यान दिएर सुझबुझपूर्ण तवरले बनाउने नीतिको यो शायद मानक नै होला । यसमा सेवामा रहेका र सेवा प्रवेश गर्न चाहने सबैको हितलाई सन्तुलन गरिएको छ । कोही बेखुसी हुनुपर्ने अवस्था छैन । अवकाश हुने चार महिना ढिलो हुन्छ र सेवामा प्रवेश गर्ने पनि प्रत्येक वर्ष महिनाले मात्र ढिलो गरी सेवामा प्रवेश गर्न पाउँछ । नवप्रवेशीलाई पनि लोक सेवा तयारी गर्न प्रतिकूल प्रभाव पर्दैन । रज्यको वित्तीय भार पनि क्रमशः घट्दै जान्छ । त्यसैले हामीले अवकाशको उमेर सात वर्ष बढाउन २१ वर्ष लगाउनु जायज हुन्छ । केही अध्ययनहरूले पनि युवा कामदार र स्वस्थ बुढा कामदारको उत्पादकत्वमा फरक नहुने देखिएको छ ।

संघीय निजामती सेवा ऐन अविलम्ब जारी गरी सबै तहको सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्नु जरुरी छ । ऐनबिना नै स्थायी सरकार चलाउन अब बन्द गर्नु पर्छ । विगतमा अमूक व्यक्तिलाई लक्षित गरेर हुने निजामती सेवा ऐनको संशोधनबाट धेरैले चोट खाएका छन् ।

सबैको सचेतनाको स्तर बढेको समाजमा अब जर्मनीलगायत देशले अभ्यास गरिसकेको विधिसम्मत र वैज्ञानिक आधार लिनुको विकल्प छैन । परिपक्व र खारिएका कर्मचारीको सेवाबाट देशलाई वञ्चित गरी राष्ट्रिय उत्पादकत्वमा कमी आउन दिनु हुँदैन । अन्य सेवा र निजी क्षेत्रले पनि यसबाट सिक्ने छन् र सबैले ढिलो उमेरसम्म काम गरी अर्थतन्त्रको विकासमा योगदान गर्ने छन् ।

जनसांख्यीय लाभ हासिल गर्न नसक्दा विगतमा गुमाएका वर्षलाई यसले क्षतिपूर्ति पनि दिने छ । अस्थिर राजनीति र शासन प्रणालीलाई स्थिर बनाउन पनि यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

# एमाले उदयपुरको अध्यक्षमा पाँच जना उमेदवार



उदयपुर(प्रस) । नेकपा एमाले उदयपुरको नयाँ नेतृत्व चयनका लागि अध्यक्ष पदमा पाँच जनाले उमेदवारी दर्ता गराएका छन्। मंगलबार नेकपा एमालेका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उद्घाटन गरेको नवौं जिल्ला अधिवेशनबाट आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयनको प्रक्रिया सुरु गरिएको हो।

नयाँ नेतृत्व चयनका लागि सुरु भएको निर्वाचनमा अध्यक्ष पदमा निवर्तमान अध्यक्ष परमेश्वर घिमिरेसहित पूर्व कोशी प्रदेश कमिटी सदस्य भागवत राउत, बिमल कार्की, गोपालबहादुर खत्री र खड्गबहादुर परियारको मनोनयन दर्ता भएको निर्वाचन अधिकृत हिमाल खड्काले जानकारी दिए।

त्यस्तै उपाध्यक्षमा निवर्तमान सचिब तथा चौदण्डीगढी नगरपालिकाका मेयर कालुमान लामा, निवर्तमान उपसचिब भरतबहादुर थापा र कोशी प्रदेश कमिटीका पूर्व सदस्य दिलबहादुर तामाङको मनोनयन दर्ता भएको छ। सचिव पदमा निवर्तमान उपसचिव टेकबहादुर राउत, प्रदेश कमिटीका पूर्व सदस्य शम्भु पौडेल र जिल्ला कमिटी सचिवालय सदस्य महेश रोक्काको मनोनयन दर्ता भएको छ।

उपसचिव महिलामा त्रियुगा नगरपालिकाका उपमेयर महेश्वरी राई, कटारी नगरपालिकाका उपमेयर गिता खड्का र गंगा राईको मनोनयन दर्ता भएको छ। त्यस्तै उपसचिव खुलातर्फ हेमबहादुर खड्का, जिवनाथ दाहाल, मन्दिप राई, धर्मबहादुर तामाङ, दुर्गानन्द चौधरी र नारद निरौलाको मनोनयन दर्ता भएको निर्वाचन समितिका संयोजक खड्काले बताए।

## रास्वपाबाट उम्मेदवार बन्न ६ जनाले दिए निवेदन



झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले इलाम-२ को उपनिर्वाचनका लागि प्रारम्भिक उमेदवारको नामावली प्रकाशन गरेको छ। बुधबार रास्वपाका केन्द्रीय निर्वाचन आयोगका सचिव भूमिनन्द बरालले ६ जना आकांक्षीको नाम सार्वजनिक गरेका हुन्।

पार्टीको विधानको धारा ७१ बमोजिम सञ्चालन गरिने प्रारम्भिक निर्वाचनमा भाग लिन गोकुलबहादुर राई, जमुना शर्मा, महेन्द्रकुमार थापा, मानबहादुर घिमिरे, मिलन लिम्बू र डा. शेषरमण न्यौपानेले निवेदन दिएका थिए। प्रारम्भिक उम्मेदवारी उपरको दाबी विरोध गर्ने समय बिहीवार दिउँसो १ बजेसम्म रहेको सचिव बरालले जानकारी दिए। आगामी वैशाख १५ गते इलाम-२ मा प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन हुँदैछ।

# एसइईमा जम्मा चार विद्यार्थी



झापा(प्रस)। खोटाङको एउटा सामुदायिक विद्यालयबाट एसइई दिने चार जना मात्र विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी संख्या घट्दैजाँदा जिल्लाको ऐसेलुखर्क गाउँपालिका -६ ज्यामिरे सल्लेस्थित शान्तोदय माध्यमिक विद्यालयबाट एसइई परीक्षा दिने चार जना मात्र विद्यार्थी रहेका हुन् । कक्षा १-१० सम्म पठनपाठन हुने सो विद्यालयमा अहिले जम्मा ६२ जना विद्यार्थी छन् । हाल कक्षा ९ मा ५ जना मात्र विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापक दिपबहादुर राईले बताए ।

प्रधानाध्यापक राईका अनुसार अर्को वर्ष पनि शान्तोदयबाट एसइई मा ५ जनाभन्दा बढी सहभागी हुने देखिदैन् । शान्तोदय माविमा कुनै समय एउटा कक्षामा ५० जनासम्म विद्यार्थी थिए । तर अहिले सोही विद्यालयबाट ४ जना विद्यार्थी एसइईमा सहभागी हुँदैछन् ।

अत्यधिक बसाइसराई र जन्मान्तर कमहुँदा विद्यार्थी संख्या निरन्तर घटेको प्रधानाध्यापक राईको भनाइ छ । अघिल्लो वर्ष १४ जना विद्यार्थी एसइईमा सहभागी थिए । सो विद्यालयको परीक्षा केन्द्र देउराली माविमा रहेको छ ।

ज्यामिरे सल्लेको शान्तोदय माविजस्तै जिल्लाका धेरै सामुदायिक विद्यालयको विद्यार्थी संख्या खासै देखिदैन । एसइईमा सहभागी हुने ९ देखि २० जना विद्यार्थी संख्या भएको विद्यालय धेरै रहेका छन् ।

देशभर चैत १५ अर्थात् बिहीवारबाट एसइई परीक्षा सुरु हुँदैछ । परीक्षाका लागि खोटाङमा २४ वटा परीक्षा केन्द्र तोकिएको छ ।

# माओवादी र एकीकृत समाजवादीले आफ्नै उम्मेदवार उठाउने






झापा(प्रस) । सत्तारुढ दल नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादीले इलाम र बझाङको उपनिर्वाचनमा आफ्नै पार्टीको उम्मेदवार उठाउने भएका छन् ।

बुधबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको माओवादी केन्द्रको केन्द्रीय कार्यालय बैठकले प्रतिनिधिसभातर्फ इलाम-२ र प्रदेशसभातर्फ बझाङ-१ मा पार्टीको तर्फबाटै उम्मेदवारी दिने निर्णय गरेको हो ।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै पार्टीका प्रवक्ता अग्निप्रसाद सापकोटाले पार्टी केन्द्रीय कार्यालयको बैठकले इलाममा प्रतिनिधि सभा र बझाङमा प्रदेशसभा सदस्यको उपनिर्वाचनमा आफ्नै पार्टीको उम्मेदवारी दिने निर्णय भएको बताए । उनले उम्मेदवारको नाम भने छलफल बाँकी नै रहेको र अर्को बैठकबाट टुंगो लाग्ने बताए ।

त्यस्तै आगामी बैशाख १५ गते इलाम र बझाङमा हुने उपनिर्वाचनमा एकीकृत समाजवादीले उम्मेदवारी दिने निश्चित भएको छ । सो पार्टीले प्रतिनिधि सभा सदस्यतर्फ इलाम २ मा जीतबहादुर राई र बझाङ प्रदेश सभा सदस्यतर्फ दिलबहादुर सिंहलाई उम्मेदवार बनाउने निश्चित भएको सम्मानित नेता झलनाथ खनालले जानकारी दिए ।

'इलाममा जीतबहादुर राई र बझाङमा दिलबहादुर सिंह उम्मेदवार बन्ने निश्चित भएको छ तर पार्टीले औपचारिक निर्णय गर्न बाँकी छ', खनालले बुधवार बिहान भने, 'भरेभोलि पार्टीले औपचारिक निर्णय गर्छ ।' यसअघि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले इलाममा सत्ता गठबन्धन दललाई सघाउन सक्ने भएपनि बझाङमा उम्मेदवारी दिन पार्टीलाई कसैले नरोक्ने बताएका थिए । सोही अनुसार एकीकृत समाजवादीले सम्बन्धित पार्टी कमिटीलाई उम्मेदवारको नाम सिफारिस गर्न निर्देशन दिएको थियो ।

# चैते धानखेतीतर्फ किसानको आकर्षण बढ्दो



झापा(प्रस)। धानको मूल्यमा वृद्धि भएसँगै चैते धानखेतीतर्फ झापाका किसान आकर्षित भएका छन् । विगतको तुलनामा यो वर्ष धानको मूल्यमा प्रतिक्विन्टल रु एक हजारले वृद्धि भएपछि किसानको आकर्षण बढेको हो ।

जिल्लामा विगतमा रु तीन हजार दुई सय ५० प्रतिक्विन्टल मूल्य कायम भएको धान हाल रु चार हजार दुई सय ५० प्रतिक्विन्टल रहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतराज भण्डारीले जानकारी दिए ।

सूचना अधिकारी भण्डारीका अनुसार लागत कम र बढी मूल्य पाउन थालेपछि यस वर्ष जिल्लामा चैते धानखेती गर्ने किसान बढेका हुन् । जिल्लामा आर्थिक वर्ष २०७९/८० मा १९ हजार आठ सय ५० हेक्टर क्षेत्रफलमा चैते धान लगाइएकोमा यस वर्ष बढ्ने केन्द्रले जनाएको छ । कन्काई नहरबाट सिञ्चित क्षेत्रमा केन्द्रले किसानलाई प्रविधि प्रदर्शनीको व्यवस्था गरेसँगै चैते धानप्रति किसानको आकर्षण बढेको हो । कन्काई सिँचाइ आयोजना क्षेत्रमा उन्नत कृषि प्रविधि प्रदर्शन र धानखेतीमा प्रयोग हुने आधुनिक मेसिनरीबारे दुईवटा कार्यक्रम सञ्चालन गरिएको थियो । शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका, गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिका गरी चारवटा स्थानीय तहमा सो कार्यक्रम लागू भएको छ ।

"विगतमा ४० देखि ५० केजी धानको बीउ लाग्ने ठाउँमा प्रविधिको प्रयोग गर्दा अहिले २० केजी बीउले पुग्यो", सूचना अधिकारी भण्डारीले भने, "एकातिर बीउमा खर्च घट्यो अर्कातर्फ मेसिनको प्रयोगले समय र श्रमिकको लागत पनि कम भयो । यसको प्रत्यक्ष लाभ किसानले पाउँछन् ।"

## विद्यार्थीको पढाइ शुल्क गाउँपालिकाले तिरिदिने



झापा(प्रस)। ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिकाले पालिकाभित्रका स्नातक तह अध्ययन गर्ने विद्यार्थीको शुल्क बेहोर्ने भएको छ। स्नातक तह अध्ययन गर्दा विद्यार्थीले क्याम्पसमा बुझाउनुपर्ने शुल्क गाउँपालिकाले तिरिदिने भएको हो ।

फक्ताङ्लुङ गाउँपालिकाले जिल्लास्थित पाथीभरा बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत पालिकाभित्रका विद्यार्थीको पढाइ शुल्क बेहोरिदिने भएको हो। स्नातक तहमा अध्ययनरत विद्यार्थीको पढाइ शुल्क बेहोर्नेगरी गाउँपालिकारपाथीभरा क्याम्पसबिच सम्झौता भएको छ।

गाउँपालिकाभरिका स्नातकतहमाअध्ययनरत विद्यार्थीको सबै शुल्क पालिकाले बेहोर्नेगरी मंगलवार सम्झौता भएको पाथीभरा बहुमुखी क्याम्पसका प्रमुख सजन पौडेलले बताए । क्याम्पस प्रमुख पौडेलका अनुसार हाल पाथीभरा क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या १२८ रहेको छ ।

सो संख्यामा रहेका विद्यार्थीले क्याम्पसलाई बुझाउनुपर्ने अध्ययन शुल्क गाउँपालिकाले बेहोर्ने भएको पौडेलको भनाइ छ ।

## अनलाइन फार्मेसी सञ्चालन नगर्न निर्देशन

झापा(प्रस) । औषधि व्यवस्था विभागले अनलाइन फार्मेसी सञ्चालन नगर्न निर्देशन दिएको छ । विभागका महानिर्देशक नारायणप्रसाद ढकालले अनलाइन फार्मेसीबाट औषधिको झुटा तथा भ्रमात्मक प्रचार गरी बिक्रीवितरण गर्ने पाइएकाले अनलाइन फार्मेसी बन्द गर्न निर्देशन दिएको बताए ।

अहिलेसम्म विभागमा अनलाइन फार्मेसीको स्वीकृत नलिएको र त्यसरी सामाजिक सञ्जालको प्रयोग गरी अनलाइन फार्मेसीका नाममा विभिन्न छुट उल्लेख गरी औषधि गैरकानुनी रूपमा बिक्री वितरण गरिएको महानिर्देशक ढकालले बताए । अनलाइन फार्मेसीका नाममा औषधिको भ्रमात्मक प्रचार गरी छुटलगायत प्रलोभन देखाई बिक्री वितरण गरिएको उनले बताए ।

औषधि ऐन, २०३५ को दफा १९ बमोजिम औषधिको झुटा तथा भ्रमात्मक प्रचार गर्न नहुने कानुनी व्यवस्था छ । "सामाजिक सञ्जाल वा पत्रपत्रिकामा औषधिको विज्ञापन गर्नुपूर्व औषधि ऐनको दफा १९ बमोजिम यस विभागबाट पूर्वअनुमति लिनुपर्ने स्पष्ट कानुनी व्यवस्था छ," महानिर्देशक ढकालले भने । अनलाइन फार्मेसीबाट बिक्री वितरण गरिएका औषधिको सुरक्षितता, गुणस्तरीयता र प्रभावकारिताका सम्बन्धमा उपभोक्ता आफैँ जिम्मेवार हुनुपर्ने र त्यस्ता अनलाइन फार्मेसीबाट औषधि खरिद गरी सेवन नगर्न-नगराउन सबैमा अनुरोध गरिएको छ । अनलाइन फार्मेसी सञ्चालन गरेको पाइएमा कानुनअनुसार कारबाही गरिने विभागले जनाएको छ ।

## बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस)। सुनसरीको इटहरी उपमहानगरपालिका-१० स्थित कोशी लोक मार्गमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । मंगलबार दिउँसो साढे ३ बजे इटहरीबाट विराटनगरतर्फ जाँदै गरेको मे १ ख २७३४ नम्बरको बस र विपरीत दिशातर्फ आउँदै गरेको को २९ प ४७६७ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक इटहरी- ५ का ३७ वर्षीय भोजकुमार श्रेष्ठको उपचारको क्रममा कोशी अस्पताल विराटनगरमा मृत्यु भएको थियो । घटनामा संलग्न बस र चालक ५९ वर्षीय बद्रीनारायण पाण्डेलाई इलाका प्रहरी कार्यालय इटहरीले नियन्त्रणमा लिएको छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५५५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।